# विदुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

(सूचना प्रकाशित मिति २०८२/१०/०८)

**(E-biding only)**

**आ.व.२०८२/०८३ को बाँकी समयको लागि ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, स्लेट, खरिढुंगा आदि नदीजन्य तथा निर्माणजन्य वस्तुको उत्खनन्, संकलन, आन्तरिक बिक्री निकासी कर, दस्तुर उठाउने ठेक्का वन्दोवस्तीको लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी १५ दिने सूचना ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ उपदफा २ घ (६) तथा सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ तथा नियमावली,२०७७ ढुंगा गिट्टि तथा वालुवा उत्खनन, विक्रि तथा व्यवस्थापन सम्वन्धि मापदण्ड, २०७७ मा भएको व्यवस्था वमोजिम सिलबन्दी दरभाउपत्र कागजातमा तोकिएको स्थान र परिमाणभित्र रही तपसिल बमोजिमको नगरपालिकाभित्र रहेका नदि, खोला, क्रसर र वालुवा प्रशोधन उद्योगबाट उत्पादन हुने सबै खाले ढुंगा, गिट्टी, प्रशोधित तथा अप्रशोधित बालुवा, ग्राभेल, दहत्तर, वहत्तर, नदिजन्य र निमार्ण सामग्रीको आर्थिक वर्ष २०८२/२०८३ को बाँकी समयको लागि स्थानीय कर संकलन गर्न ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक फर्म, वा कम्पनीहरुले तपसिल बमोजिमका ठेक्काहरुमा उल्लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | विवरण शिर्षक | आ व २०८२।०८३ को बाँकी अवधिको उत्खनन योग्य परिमाण (घ.फि) | दर प्रति घ.फि. (रु.) | कुल न्यूनतम कबोल अंक (भ्याट बाहेक) रु. | धरौटी रकम | सिलबन्दी दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| BM/SQ/Revenue/5/2082-083 | १) विदुर नगरपालिकाको क्षेत्राधिकारमा रहेको त्रिशुली पुरानो पुलदेखिमाथि वेत्रावतिसम्म, सलाखु, फलाखु र गेर्खु खोला स्थानबाट विक्रि हुने ढुंगा, गिट्टि,वालुवा, ग्रावेल, स्लेट ढुंगा, माटो, आदि नदीजन्य र निर्माणजन्य सामग्रीको कर संकलन, कर असुल गर्ने | १४२८५७ | ७ | १०,००,००० | मूल्य अभिवृद्धि करसहित को कवोल अंकको ५ प्रतिशत | १०००/- |
| पूनश्चः उल्लिखित तोकिएको स्थानबाहेकका क्षेत्रहरुबाट उत्खनित निर्माणजन्य सामाग्रीहरुमा नगरपालिकाले स्वयम कर असूल गर्नेछ । | | | | | | |

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपी समेत र सिलबन्दी दरभाउपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगद तिरेको रसिद वा राजश्व बैंक दाखिला गरेको भौचर संलग्न राखी फारमसाथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२ बजेभित्र कार्यालयमा उपस्थित भई सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ । स्थानीय तहको राजश्व दाखिला फारम (Deposit Slip) सम्बन्धी विवरण तपसिल अनुसार रहेको छ ।

राजश्व खाता भएको बैंकको नामः **नेपाल बैंक लिमिटेड, त्रिशुली शाखा**

स्थानीय तहको नाम ठेगानाः **विदुर नगरपालिका, विदुर, नुवाकोट**

कार्यालय कोड नंः ८०१०३२९०१

राजश्व खाता नंः ०२६०३०००००१००१००००४

राजश्व शिर्षक नंः १४२२९

२. तोकिएको सिलबन्दी दरभाउपत्र दस्तुर यस कार्यालयमा नगद तिरेको रसिद वा यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा कार्यालय त्रिशुलीमा रहेको राजश्व शिर्षक नं १४२२९ आन्तरिक खाता नं. ०२६०३०००००१००१००००४ मा (फिर्ता नहुने गरी) जम्मा गरेको भौचरलाई सिलबन्दी दरभाउपत्र सम्वन्धि कागजातसाथ संलग्न गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्र सम्वन्धि फारम भर्दा कवोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

३. आफुले कवोल गरेको अंकको मू.अ. कर समेत हुन आउने रकमको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि. शाखा कार्यालय त्रिशुलीमा रहेको धरौटी खाता नं. ०२६०३००००३००००००००४ मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सिलबन्दी दरभाउपत्र नं. र कामको विवरण उल्लेख गरी सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिनको म्याद भएको विडवण्ड सिलबन्दी दरभाउपत्र कागजातसाथ पेश गर्नु पर्नेछ ।

४. सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र कागजातको प्रत्येक पानामा सही छाप गर्नुपर्नेछ ।

५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट पेश गर्न पाइने छैन।

६. रितपुर्वक पर्न आएका सिलबन्दी दरभाउपत्रहरु सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनको २ बजे नगरपालिकाको कार्यालयमा खोलिने छ । सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरुको उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

७. कार्यालयको राजस्व शाखाबाट सिलबन्दी दरभाउपत्र सम्वन्धि विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ ।

८. सिलबन्दी दरभाउपत्र सम्बन्धि विस्तृत जानकारी सिलबन्दी दरभाउपत्र सम्वन्धि फारममा उल्लेख गरिएको हुँदा सोही फारमबाट अवगत गर्न सकिनेछ ।

९. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका सिलबन्दी दरभाउपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. सिलबन्दी दरभाउपत्रदाताले एकमुष्ट कवोल अंकको रकम बुझाउन पर्नेछ । यदि सिलबन्दी दरभाउपत्रदाताले किस्ताबन्दीमा रकम बुझाउन चाहेमा प्रथम किस्ता बापत कबोल अंकको कम्तीमा ४० प्रतिशत रकम (मु.अ.कर समेत) सम्झौता गर्दाको बखत अनिवार्य बुझाउनु पर्नेछ । बाँकी ६० प्रतिशत रकमको हकमा (मू.अ.क. समेत) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको २०८३ श्रावण मसान्तसम्म अवधि भएको बैक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ । उक्त बाँकी ६० प्रतिशत रकममा ३० प्रतिशत २०८२ चैत्र मसान्तभित्र र ३० प्रतिशत रकम २०८३ बैशाख मसान्तसम्ममा बुझाउनु पर्नेछ ।तिर्नु बुझाउन पर्ने कर लगायतको रकममा कुनै पनि छुट सुविधा उपलब्ध हुनेछैन ।

११. नियमानुसार नेपाल सरकारलाई वुझाउन पर्ने आयकर तथा अन्य कर सिलबन्दी दरभाउपत्रदाताले छुट्टै वुझाउन पर्नेछ ।

१२. नियमानुसार तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउपत्रदाताले राखेको धरौटी जफत गरी कानून बमोजिम कारवाही प्रक्रिया अगाडि बढाइनेछ ।

१३. उठाइने करका दरहरु सिलबन्दी दरभाउपत्र फारामसाथ उपलब्ध गराइनेछ ।

१४. यो सूचना आर्थिक वर्ष ०८२/०८३ को बाँकी समय अवधिको लागि मात्र हुनेछ । कुनै पनि परिस्थितीजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

१५. विदुर नगरपालिका र सिलबन्दी दरभाउपत्रदाताबिचमा क्षेत्राधिकारका विषयमा विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ । आपसी समझदारीमा समाधान नभएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१६. नगरपालिका र सिलबन्दी दरभाउपत्रदाताबीच सम्झौता भएको मितिदेखि सम्झौता कार्यान्वयन भएको मानिनेछ ।

१७. दरभाउपत्रदाताले आर्थिक प्रस्ताव गर्दा नदिजन्य पदार्थको एकमुष्ट मूल्य राखी सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।

१८. यस नगरपालिकाका नदिहरुको उत्खनन् क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै नदि तथा खोलाहरुमा यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) सिलबन्दी दरभाउपत्र फाराममा भएका विषयहरु यस सिलबन्दी दरभाउपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

१९. यो सूचना र सिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भएका विषय यसै सूचना र सिलबन्दी दरभाउपत्र कागजात बमोजिम हुने र उल्लेख नभएका विषयहरु प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून बमोजिम हुनेछ ।

विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत
विदुर नगरपालिका